# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, श्रावण ६ गते २०२६ साल

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालय

नेपाल बाल संगठनको (संशोधन) विधान २०२६

नेपाल बाल संगठनको विधान २०२४ (यसपछि विधान मानिएको) मा संशोधन गर्नु वाञ्छनीय भएकोले,

नेपाल बाल संगठनले बनाएको यो विधानलाई राष्ट्रिय निर्देशन ऐन २०१८ को दफा ३ अन्तर्गत श्री ५ को सरकारले स्वीकृति गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः–

(१) यो विधानलाई नेपाल बाल संगठनको (संशोधन) विधान २०२६ भनिनेछ ।

(२) यो विधान तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल विधानको धारा ५ मा संशोधनः–

मूल विधानको धारा ५ मा रहेको श्री ५ बडामहारानी सरकार भन्ने शब्दहरूको सट्टा श्री ५ मुमा बडामहारानी सरकार भन्ने शब्दहरू राखिएको छ ।



226

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल विधानको धारा ६ मा संशोधनः–

(१) मूल विधानको धारा ६ को उप-धारा (१) र उप-धारा (२) को प्रतिबन्धात्मक वाक्यांश (ख) र (ग) मा श्री ५ बडामहारानी सरकार भन्ने शब्दहरू प्रयोग भएका ठाउँ-हरूमा सो शब्दहरूको सट्टा श्री ५ मुमा बडामहारानी सरकार भन्ने शब्दहरू राखिएको छ ।

(२) मूल विधानको धारा ६ को उप-धारा (१) मा रहेको १७ जना भन्ने शब्दहरूको सट्टा २३ जना भन्ने शब्दहरू राखिएको छ ।

४. मूल विधानको धारा ६ मा संशोधनः–

(१) मूल विधानको धारा ६ को उप-धारा (१) को सट्टा देहायको उप-धारा (१) राखिएको छ–

(१) केन्द्रीय कार्य समितिले आवश्यक ठहराएको जिल्लाहरुमा जिल्ला कार्य समिति-को गठन देहायबमोजिम हुनेछ–

(क) जिल्ला पञ्चायतको सभापति– अध्यक्ष
(ख) केन्द्रीय कार्य समितिबाट मनोनीत– उपाध्यक्ष
(ग) केन्द्रीय कार्य समितिबाट मनोनीत– कोषाध्यक्ष
(घ) केन्द्रीय कार्य समितिबाट मनोनीत बढीमा ४ जनासम्म– सदस्य
(ङ) जिल्लास्तरीय महिला संगठनको सभापति– सदस्य
(च) स्थानीय जिल्ला शिक्षा अधिकारी, शिक्षक, र अन्य समाज सेवीहरू-बाट अञ्चलाधीशले मनोनीत गरेको बढीमा २ जनासम्म––सदस्य
(छ) स्थानीय सरकारी अस्पताल भएमा अस्पतालको इन्चार्ज र सो नभएमा जिल्ला कार्य समितिले मनोनीत गरेको स्थानीय एकजना चिकि-त्सक ––––––––––––––––––––––––––––––सदस्य
(ज) प्रमुख जिल्ला अधिकारी –– –– –– –– –– सदस्य–सचिव

(२) मूल विधानको धारा ६ को उपधारा (२) को प्रतिवन्धात्मक वाक्यांश (ग) मा रहेको श्री ५ बडामहारानी सरकार भन्ने शब्दहरूको सट्टा श्री ५ मुमा बडामहारानी सरकार भन्ने शब्दहरू राखिएको छ ।

आज्ञाले–
सुन्दरप्रसाद शाह
श्री ५ को सरकारको सचिव

22C

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।